बैठक नं.८७

आज मिति २०७८/०५/२८ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ८:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पद्म बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हिम बहादुर खत्री | सदस्य | |
| २१ | डिल प्रसाद नेपाली | सदस्य | |
| २२ | रन्जित शेरचन | सदस्य | |
| २३ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २४ | बिमला श्रेष्ठ | सदस्य | |
| २५ | सिता कुमारी थापा | सदस्य | |
| २६ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २७ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २८ | शिव प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | |

त्रिलो प्रसाद श्रेष्ठ - का.वा. वडाध्यक्ष - 3

सुमित्रा गाहा - का.वा. वडाध्यक्ष - १८ सुमित्रा

दल बहादुर थापा - का.वा. वडाध्यक्ष - ११

प्रस्ताव नं.८७.१

गौसंरक्षण केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८ टेबुल गर्ने सम्बन्धमा ।

निर्णय नं.८७.१

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार भई आजको बैठकमा प्रस्तुत हुन आएको गौसंरक्षण केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि, २०७८ टेवुल भयो ।

प्रस्ताव नं.८७.२

बुटवल उपमहानगरपालिकाको पशुवधशाला संचालन र व्यवस्थापन निर्देशिका, २०७८ टेवुल गर्ने सम्बन्धमा ।

निर्णय नं.८७.२

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार भई आजको बैठकमा प्रस्तुत हुन आएको पशुवधशाला संचालन र व्यवस्थापन निर्देशिका, २०७८ टेवुल भयो ।

प्रस्ताव नं.८७.३

लुम्विनी वस टर्मिनल शपिङ्ग कम्प्लेक्स भित्रका कोठा नं.३७ र ५१ को पुनः सूचना गर्ने सम्बन्धमा ।

निर्णय नं.८७.३

बुटवल उपमहानगरपालिकाको लुम्विनी वस टर्मिनल सपिङ्ग कम्प्लेक्सका सटर/कोठाहरु वहालमा लगाउन ३० दिनको म्याद राखी सूचना आह्वान गरिएकोमा निर्धारित समयभित्र भुई तलाका ४ वटा र दोस्रो तलामा १ गरी जम्मा ५ वटा सटरहरुको मात्र सिलवन्दी बोलपत्र दाखिला भएको छ । पार्टेशन नभएको क्षेत्र (कोठा नं.३७ र ५१) मा बैंकिङ्ग/सहकारी/वित्तीय वा कर्पोरेट क्षेत्रले मात्र बोलपत्र दाखिला गर्न/सक्ने गरी सूचना प्रकाशन गरिएको थियो । उक्त क्षेत्र पार्टेशन र गेट/ढोका समेत नभएकोले वित्तीय क्षेत्रबाट वहालमा लिंदा ठूलो रकम भित्रको स्ट्रक्चर र पार्टेशनमा लगानी गर्नुपर्ने भएकोले बोलपत्रमा उल्लेख भएको अवधि ५ बर्ष अत्यधिक कम भएको भनी विभिन्न बैंकहरुले मौखिक तथा लिखित निवेदन मार्फत समेत जानकारी गराएका छन् । सम्बन्धित शाखा र अन्य व्यवसायिक व्यक्ति/फर्मबाट समेत वित्तीय क्षेत्रलाई वहालमा लगाउँदा कम्प्लेक्सको सुरक्षामा सहयोग मिल्ने र सेवाग्राहीको आवागमनले अन्य सटरहरु बहालमा लाग्न सहज हुने राय समेत प्राप्त भएको हुँदा प्रथम पटक प्रकाशित सूचनामा उल्लेख भएका शर्तहरुका अलावा पार्टेशन नभएको क्षेत्र (कोठा नं.३७ र ५१ को हकमा) मा पुनः सूचना प्रकाशित गर्दा निम्न वमोजिम विषय समावेश गर्ने निर्णय गरियो ।

(क) वहाल सम्झौताको समय अवधि १० बर्ष कायम गर्ने ।

(ख) ५ बर्षको अवधि समाप्त भएपश्चात तत्कालिन अवस्थाको मौद्रिक विश्लेषण गरी दुई पक्षीय सहमतिमा पुनः मासिक बहाल रकम निर्धारण गर्ने

(ग) वैकिङ्ग/सहकारी/वित्तीय वा कर्पोरेट क्षेत्रले मात्र टेण्डर प्रक्रियामा भाग लिन सक्ने ।

(घ) अन्य सटरहरुको साविक बमोजिमकै शर्त अनुसार पुनः सूचना प्रकाशन गर्ने ।

**प्रस्ताव नं.८७.४**
वहालकर असुल सम्बन्धमा ।
**निर्णय नं.८७.४**
बुटवल उपमहानगरपालिकाले विगत देखि नै वहाल कर असुली गर्दा बार्षिक रुपमा वहाल हिसाव गरी १० प्रतिशत वहाल कर असुली गर्दै आइरहेको छ । घर वहाल करको दायरालाई फराकिलो पारी राजश्वमा वहाल करको योगदान बढाउन र नगरवासी करदातालाई सहजता प्रदान गर्नका लागि करदाताहरुको माग बमोजिम वैकिङ्ग/वैदेशिक प्रयोजनका लागि संझौताको आधारमा कम्तीमा ३ महिनाको वहाल कर असुली गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.८७.५**
अनुमोदन सम्बन्धमा ।
**निर्णय नं.८७.५**
बुटवल उपमहानगरपालिका वडा नं.१६ मा निर्माण भएको वैठौलिया कपरकट्टी ताल ५ बर्षका लागि न्यूनतम रु.६० लाख अंक कायम गरी प्रतिस्पर्धात्मक विधिबाट आय व्यवस्थापन गर्ने गरी सूचना प्रकियामा गएकोमा कुनै पनि वोलपत्र पर्न नआएकोले न्यूनतम अंकका सम्बन्धमा राजस्व परामर्श समितिको मिति २०७८।०५।०३ गते बसेको वैठकले ५ बर्षका लागि रु.४५०००००। (पैंतालिस लाख मात्र) कायम गर्ने गरी सिफारिस भई आए बमोजिम न्यूनतम अंक कायम गरी सूचना प्रकियामा जाने गरी कार्यालयबाट मिति २०७८।०५।०७ मा भएको (प्रमुख स्तरीय) निर्णय समर्थन एवं अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८७.६ विविध ।**
**प्रस्ताव नं.८७.६.१**
श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम संचालन निर्देशिका, २०७८ टेवुल गर्ने सम्बन्धमा ।
**निर्णय नं.८७.६.१**
बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको श्रम तथा रोजगार प्रवर्धन कार्यक्रम संचालन निर्देशिका, २०७८ टेवुल भयो ।

**प्रस्ताव नं.८७.६.२**
विद्यार्थीहरुको भौतिक उपस्थितिमा कक्षा संचालनका लागि सिफारिस गर्ने सम्बन्धमा ।
**निर्णय नं.८७.६.२**
कोभिड-१९ का कारण लामो समयदेखि शिक्षण संस्थाहरुमा विद्यार्थीहरुको भौतिक उपस्थितिमा पठन पाठनको कार्यमा वाधा पर्न गएको हुँदा देहायको मापदण्डहरुको पूर्णपालना गर्ने शर्तमा मात्र नगरक्षेत्र भित्रका शैक्षिक संस्थाहरुमा भौतिक उपस्थितिमा मिति २०७८।०६।[illegible] गते देखि विद्यालय संचालनका लागि अनुमति प्रदान हुन DCCMC मा सिफारिस गर्ने निर्णय गरियो ।

१. कक्षा कोठाको क्षेत्रफल हेरी ३०-३५ जनासम्म विद्यार्थी भएमा एकै सिफ्टमा सञ्चालन गर्ने र सो भन्दा बढी भएमा जोर विजोर प्रणाली वा फरक फरक सिफ्टमा संचालन गर्ने ।
२. नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्धारा तोकिएका जनस्वास्थ्य सम्बन्धी मापदण्ड पूर्णत पालना गर्ने ।
३. शिक्षण संस्थामा प्रवेश वा बसमा चढ्नु अगाडि थर्मल गनबाट तापक्रम नाप्ने ।
४. साबुन पानीले हात धुने व्यवस्था मिलाउने । मास्क र सेनिटाइजर अनिवार्य प्रयोग गर्ने ।
५. विद्यार्थीले खाजा/पानी घरबाटै ल्याउने ।
६. एउटा वेञ्चमा २ जना भन्दा बढी नराख्ने । ट्रेङ्गुलार सेपमा राख्दा बढी उपयुक्त हुने ।
७. बसमा सिट संख्या भन्दा बढी नराख्ने ।
८. शिक्षण संस्थामा असोज ४ गते देखि भौतिक रुपमा पठन पाठन शुरु गर्ने ।
९. पहिलो एक हप्तासम्म दैनिक ३ घण्टा मात्र पठन पाठन गर्ने गरी विद्यार्थी संख्या अनुसार सिफ्ट मिलाउने ।
१०. विद्यार्थीहरु हर समय शिक्षकको निगरानीमा राख्न खाली पिरियड नहुने गरी कक्षामा शिक्षक रहने व्यवस्था गर्ने एकजना शिक्षक बाहिरिदा तुरुन्त अर्को शिक्षक प्रवेश गर्ने गरी व्यवस्थापन गर्ने ।
११. शिक्षण संस्थामा लाइन लगाएर प्रार्थना गराउने वा दिउसोको छुट्टी दिने वा अतिरिक्त क्रियाकलाप गराउने जस्ता कार्य हाललाई नगर्ने ।
१२. भौतिक रुपमा कक्षा संचालन गर्नुभन्दा पहिले विद्यालय परिसर, शौचालय तथा कक्षाकोठा राम्रोसँग सरसफाई गरेको हुनुपर्ने ।

**प्रस्ताव नं.८७.६.३**
बुटवलको गित सम्वन्धमा ।
**निर्णय नं.८७.६.३**
बुटवल उपमहानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुको पहिचान झल्किने गरी नगर गितको रचना गर्नका लागि आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.८७.६.४**
प्रतिवेदन पेश सम्बन्धमा ।
**निर्णय नं.८७.६.४**
बुटवल उपमहानगरपालिका वडा नं.४ (साविक वडा नं.६) जेसिज चोक स्थित सिद्धार्थ राजमार्ग मोहडामा पर्ने पुरानो शोभा वोर्डिङ्ग स्कुल रहेको सार्वजनिक जग्गालाई के कसरी सार्वजनिक उपयोगमा ल्याउदा प्रभावकारी हुन्छ भन्ने सम्बन्धमा मिति २०७७।१२।२७ मा बसेको नगरकार्यपालिकाको बैठकबाट वडा नं.४ का वडाध्यक्ष श्री टंक प्रसाद पराजुलीको संयोजकत्वमा गठित अध्ययन कार्यदलबाट प्राप्त हुन आएको देहाय बमोजिमको प्रतिवेदन आजको वैठकमा प्रस्तुत भई छलफल भयो । प्रस्तुत प्रतिवेदनले औंल्याए बमोजिमका सुझावहरु कार्यान्वयन गर्दै उक्त जग्गा सार्वजनिक उपयोगमा ल्याउने प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

मिति २०७८/०५/२७

श्रीमान् प्रमुखज्यू
बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, बुटवल ।

बिषयः प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा बुटवल उपमहान.पा. वडा नं. ४ (साबिक वडा नं. ६) जेसिज चोक स्थित सिद्धार्थ राजमार्ग मोहडामा पर्ने पुरानो शोभा बोडिङ्ग रहेको सिट नं. ०९८–१११९–१६ कि.नं.४७ क्षेत्रफल १३८३.९० व.मी जग्गा मध्येबाट रुपन्देही जिल्ला अदालतको मिति २०७१/०३/१० को फैसला बमोजिम पश्चिम पक्की सडक मोहडा पर्ने गरी नेपाल राष्ट्रिय मण्डली संगति र ऋषिराम भुसालको बिटौरी श्रेस्ता लगत बमोजिमको ०-१-१५ धुरजग्गा कायम भई पूर्व तर्फको सिद्धार्थ राजमार्ग मोहडा पर्ने बाँकी जग्गा सार्वजनिक सरकारी जग्गा कायम गरी फैसला भए तापनि नगरको अत्यन्त महत्वपूर्ण स्थानमा पर्ने करोडौं मूल्यको उक्त सार्वजनिक सरकारी जग्गामा बुटवल अनन्त जीवन चर्चले कब्जा गरी हाल सम्म आफ्ना संगितको कार्य गर्दै आईरहेको र उक्त जग्गा खाली गराउनको लागि नगरपालिका र वडा कार्यालयबाट लिखित तथा मौखिक रुपमा अनुरोध गर्दा समेत खाली नभएकोले यस नगरक्षेत्र भित्रको महत्वपूर्ण स्थानमा रहेको उक्त जग्गालाई के कसरी सार्वजनिक उपयोगमा ल्याउन प्रभावकारी हुन्छ सो सम्बन्धमा अध्ययन गरी अघि बढनको लागि राय सुझाव सहितको प्रतिवेदन पेश गर्न मिति २०७७/१२/२७ को कार्यपालिका बैठकबाट तपशिल बमोजिमको एक अध्ययन कार्यदल गठन भएको ।

| | |
|---|---|
| श्री टंक प्रसाद पराजुली, वडाध्यक्ष वडा नं. ४ | - संयोजक |
| श्री राम प्रसाद रेग्मी, वडाध्यक्ष वडा नं. १६ | - सदस्य |
| श्री नारायण प्रसाद पुन वडाध्यक्ष वडा नं. १३ | - सदस्य |
| श्री रामचन्द्र क्षेत्री, वडाध्यक्ष वडा नं. ११ | - सदस्य |
| श्री बिष्णु प्रसाद खनाल, वरिष्ठ अधिकृत | - सचिव |

कार्यदलले सम्बन्धित पक्ष बुटवल अनन्त जीवन चर्चका सरोकारवाला व्यक्तिहरु संग विभिन्न मितिमा पटक पटक अनौपचारिक र ५ पटक सम्म औपचारिक बैठक बसि उक्त चर्चका सरोकार व्यक्तिहरुलाई त्यहाँको सार्वजनिक सरकारी जग्गाको बारेमा अदालतबाट भएको फैसला र बुटवल उपमहानगरपालिकाले आगामी दिनमा सो जग्गा संरक्षण प्रक्रिया तथा निमार्ण गर्न लागेको बहुउद्देश्यीय भवनका बारेमा जानकारी समेत गराई उक्त जग्गा खाली गरी बुटवल अनन्त जीवन चर्चलाई अन्यत्र स्थानान्तरणको सम्बन्धमा छलफल गरिएको र सो जग्गा सम्बन्धमा दुवै पक्षको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु भएको ।

१. मिति २०७८/०१/०६ गतेको बैठकमा सो जग्गाको वस्तुस्थिति र अदालतबाट भएको फैसलाको विषयमा जानकारी तथा बुटवल अनन्त जीवन चर्चलाई अन्यत्र स्थानान्तरणका सम्बन्धमा बिभिन्न बिकल्पहरु दिई ती बिकल्पहरुको बारेमा चर्चका अन्य सदस्यहरु समेतलाई जानकारी गराई पुन बैठक बस्ने निर्णय भएको ।

२.मिति २०७८/०४/०५ गतेको बैठकबाट सो स्थानमा रहेको बुटवल अनन्त जीवन चर्चलाई अन्यत्र व्यवस्थापनका लागि उक्त चर्चको तर्फबाट सम्पूर्ण निर्णय गर्ने अधिकार सहित उपस्थित हुन श्री तुफानी भर, श्री लाल प्रसाद श्रेष्ठ (वसन्त) र श्री सपना गैरे गरी ३ जनालाई जिम्मा दिने निर्णय गरिएको ।

३. मिति २०७८/०४/११ गतेको बैठकबाट उक्त चर्चले सो जग्गा खाली गरी त्यहाँ भएको सरसामान ढुवानी गर्दा ढुवानी/यातायात खर्च बुटवल उपमहानगरपालिकाले व्यहोर्ने र चर्चले यस बुटवल नगरक्षेत्र भित्र जग्गा खरिद गरेमा वा अन्य कारणबाट जग्गा प्राप्ति गरेमा सो स्थानमा पहुँच मार्ग निर्माण, बिजुली, पानी लगायतका अन्य अत्यावश्यक पूर्वाधार व्यवस्थापनको लागि सहयोग गर्ने निर्णय गरिएको ।

४. मिति २०७८/०४/२४ गतेको बैठकबाट निम्नानुसारको निर्णय भएको:

क) बुटवल उपमहानगरपालिका क्षेत्र भित्र बुटवल अनन्त जीवन चर्चलाई व्यवस्थापनको लागि उपयुक्त अन्य कसैको दाबि बिरोध नभएको सार्वजनिक जग्गाको माग भई आएमा जग्गा प्राप्तिको लागि सम्बन्धित निकायमा सिफारिसको लागि कार्यापालिकालाई सिफारिस गर्ने निर्णय भएको ।

ख) बुटवल अनन्त जीवन चर्च हाल रहेको स्थान बुटवल-४ बाट अन्यत्र स्थानान्तरण गरी व्यवस्थापन गर्नका लागि रु १० (दश) लाख रुपैया उपलव्ध गराउन नगरकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरिएको ।

ग) बुटवल अनन्त जीवन चर्च हाल बसिरहेको स्थान आजको मितिले २ महिना (२०७८ असोज २४ गते) भित्र खाली गराउने सहमति गरियो । उक्त समय भित्र खाली नभएमा बुटवल उप-महानगरपालिकाले कानून बमोजिम खाली गराउने सहमति भयो ।

घ) बुटवल अनन्त जीवन चर्च अन्यत्र सर्नुपर्दा घर बहालमा बस्नु पर्ने भएमा आवश्यकता बमोजिम बढीमा ७ महिनाको लागि मासिक रु २० हजार रुपैया घरबहाल वापत उपलब्ध गराउने सहमति भएको ।

अन्त्यमा कार्यदललाई आफ्ना अमुल्य सल्लाह सुझाव दिने प्रमुखज्यू, उपप्रमुखज्यू, कार्यपालिका परिवार, बुटवल अनन्त जीवन चर्चबाट सहभागी प्रतिनिधि लगायत कार्यदलका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद व्यक्त गर्दै उल्लेख भए बमोजिमको निर्णय/सहमति कार्यान्वयन हुन अनुरोध सहित यो प्रतिवेदन पेश गर्दछु ।

कार्यदल

१. श्री टंक प्रसाद पराजुली -संयोजक
२. श्री राम प्रसाद रेग्मी - सदस्य
३. श्री नारायण प्रसाद पुन -सदस्य
४. श्री रामचन्द्र क्षेत्री - सदस्य
४.श्री विष्णु प्रसाद खनाल -सचिव

विष्णु प्रसाद खनाल
ब.अ. तथा कार्यदल सचिव

प्रस्ताव नं.८७.६.५
सिफारिस दस्तुर सम्बन्धमा ।
निर्णय नं.८७.६.५
मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि गरिने बसोवास सिफारिसको हकमा प्रयोजन खुलाई विविध सिफारिस वापतको दस्तुर रु.३००।- लिई सिफारिस उपलब्ध गराउने र सो विषयलाई आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८७.६.६
अनुमोदन सम्बन्धमा ।
निर्णय नं.८७.६.६
बुटवल उपमहानगरपालिका वडा नं.३ स्थित चुरे पहाड क्षेत्रमा गएको पहिरोको कारण ज्योतिनगर क्षेत्रमा भएको क्षती न्यूनीकरण तथा पहिरो सफा गर्ने जस्ता उद्धार कार्यमा देहायका टोल विकास संस्थाहरु तत्कालै परिचालन गरी ति टोल संस्थाहरु मार्फत प्रयोग भएका मेसिन उपकरणहरु ( एक्साभेटर, डोजर, टिप्पर लगायत) मा भएको तपशिल बमोजिमको खर्च रकम अनुमोदन गरियो ।

| | |
|---|---|
| १.ज्योति सृजना टोल विकास संस्था | रु.६,५८,५०३।०० |
| २.मिलनपथ टोल विकास संस्था | रु.१६,१३,६०१।०० |
| जम्मा | रु.२२,७२,१०४।०० |

प्रस्ताव नं.८७.६.७
सार्वजनिक निजी साझेदारीमा पशु बधशाला सञ्चालन व्यवस्थापनको लागि खरिद प्रकृया प्रारम्भ गर्ने सम्बन्धमा ।
निर्णय नं.८७.६.७
लुम्बिनी प्रदेश सरकार र बुटवल उपमहानगरपालिकाको संयुक्त लगानी र बुटवल उपमहानगरपालिकाको अगुवाईमा बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित औद्योगिक क्षेत्रको स्वामित्वमा रहेको जग्गा भाडामा लिई उक्त जग्गामा हाल पशुवधशाला निर्माणाधिन अवस्थामा रहेको र केही समयभित्रै उक्त वधशालाको निर्माण समेत सम्पन्न हुन गई रहेको छ । उक्त वधशालाको सञ्चालन व्यवस्थापन निजी क्षेत्र मार्फत गर्दा प्रभावकारी हुने देखिएको तथा निर्माण सम्पन्न हुनु अघि नै सञ्चालन व्यवस्थापन गर्ने निजी क्षेत्रको चयन गरी आवश्यक जनशक्ति लगायतको व्यवस्थापकीय कार्य तयारी अवस्थामा रहनुपर्ने भएकोले सार्वजनिक निजी साझेदारी ऐन, २०७४ को दफा ४ को खण्ड (क) तथा सार्वजनिक निजी साझेदारी नियमावलीको नियम ४६ को खण्ड (ज) बमोजिम सञ्चालन तथा व्यवस्थापन करार गरी निजी क्षेत्रलाई ३० बर्षमा नबढ्ने

गरी लिजमा उपलब्ध गराउने गरी खरिद प्रकृया अघि बढाउन सार्वजनिक निजी साझेदारी ऐन, २०७४ को दफा ९ को उपदफा (२) को खण्ड (घ) बमोजिम स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.८७.६.८
आय व्यय विवरण सम्बन्धमा ।
निर्णय नं.८७.६.८
बुटवल उपमहानगरपालिकाको आ.व.०७७।०७८ को देहाय बमोजिमको बार्षिक आय र व्ययको विवरण आजको वैठकमा जानकारी भयो ।

| आय | | | |
|---|---|---|---|
| शीर्षक | अनुमानित आय | वास्तविक आय | प्रतिशत(%) |
| संघीय सरकार | १,१००,५१७,५६५.०० | ८४४,५५४,२८७.२७ | ७६.७४ |
| प्रदेश सरकार | १५२,०२९,०००.०० | १२४,३६१,८६७.०० | ८१.८० |
| राजस्व बाडफाँट | २२१,१८२,२९०.०० | ३४६,२३०,५३७.२० | १५६.५४ |
| अन्तरिक श्रोत | ५२०,१००,०००.०० | ५२६,४७३,६००.०९ | १०१.२३ |
| गत बर्षको मौज्दा अल्या | ४०२,५००,०००.०० | ४८६,३५७,५७०.९५ | १२०.८३ |
| जम्मा | २,३९६,३२८,८५५.०० | २,३२७,९७७,८६२.५१ | ९७.१५ |

| व्यय | | | |
|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | प्रतिशत(%) |
| चालु | ९५०,७१२,१५०.०० | ७१६,२८१,९४५.३१ | ७५.३४ |
| पूंजीगत | १,४३९,६१६,७०५.०० | ८९६,४५०,३६६.०० | ६२.२७ |
| वित्तीय | ६,०००,०००.०० | ६,०००,०००.०० | १००.०० |
| जम्मा | २,३९६,३२८,८५५.०० | १,६१८,७३२,३११.३१ | ६७.५५ |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।